फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या : २०८२/०८३
चलानी नं

मिति:-२०८३/१/२९
नेपाल सम्बत ११४६

## शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा तथा भाषा शिक्षण गराउने संस्थाहरुलाई जारी गरिएको सार्वजनिक सूचना

मकवानपुर जिल्लाभित्र शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट अनुमति प्राप्त संस्थाहरूको विवरण यस कार्यालयमा प्राप्त भएको छ। तथापि, सम्बन्धित निकायबाट आवश्यक अनुमति नलिई गैरकानुनी रूपमा समेत यस्ता संस्थाहरू सञ्चालनमा रहेको जानकारी प्राप्त हुन आएको र यस्तो कार्य प्रचलित कानुन विपरीत रहेकोले सम्बन्धित निकायबाट आवश्यक अनुमति नलिई सञ्चालनमा रहेका सम्पूर्ण संस्थाहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र आफ्ना सम्पूर्ण शैक्षिक तथा प्रशासनिक क्रियाकलाप पूर्ण रूपमा बन्द गर्न निर्देशित गरिन्छ। तोकिएको समयावधिभित्र समेत उक्त निर्देशनको पालना नगरेको पाइएमा प्रचलित कानुन बमोजिम कानुनी कारवाही गरिने व्यहोरा यसै सूचनामार्फत सर्वसाधारण तथा सरोकारवाला सबैमा जानकारी गराइन्छ।

बसन्त अधिकारी
प्रमुख जिल्ला अधिकारी